# हरिपुर नगरपालिका

# राजपत्र

सर्लाही जिल्ला, प्रदेश नं.२,नेपाल

हरिपुर नगर कार्यपालिकाद्धारा प्रकाशित

बर्ष १ अंक ३, २०७६ फागुन ६ गते, मंगलबार

## भाग १

## बाखा साटासाट कार्यक्रम संचालन कार्यविधि, २०७६

नगरकार्यापालिका बाट मिति २०७६।११।४ मा स्वीकृत भएको बाखा साटासाट कार्यक्रम संचालन कार्यविधि २०७६,स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

प्रस्तावना

हरिपुर नगरपालिका भित्र बसोवास गरी पशुपालनमा संलग्न रहेका कृषकहरुको पशुपालन(बाखा) को माध्यमबाट आर्थिक स्तर उकास्नका लागी उन्नत जातको बाखा/बोका नगरपालिकाको तर्फबाट नि.शुल्क रुपमा वितरण गर्न वाञ्छनीय देखिएकोले हरिपुर नगरपालिकाले यो कार्यविधि बनाएको छ

परिच्छेद - १

१.संक्षिप्त नाम (क) यो कार्य विधिको नाम बाखा साटा साट कार्य संचालन कार्यविधि २०७६ रहने छ।

(ख) कार्य विधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. परिभाषा

(क) अनुदान भन्नाले कार्यक्रम संचालनका नगरपानलिकाबाट प्रदान गरिने रकमलाई जनाउने छ।

(ख) कार्यपालिका भन्नाले - हरिपुर नगरपालिकाको नगर कार्यपालिकालाई जनाउने छ।

(ग) कार्यविधि - बाखाको साटासाट कार्यक्रम संचालन कार्यविधि २०७६ लाइ जनाउने छ।

(घ) कार्ययोजना - हरिपुर नगरपालिकाको नगर सभाबाट पारित योजनालाई जनाउने छ।

(ङ) कृषक समुह - कृषक समुह भन्नाले हरिपुर नगरपालिकामा बसोवास गरेका कम्तीमा १० जना र बढीमा १५ जना कृषकहरु प्रचलित कानुन बमोजिमको आधिकारिक निकायमा दर्ता वा अभिलेख भई बनेको कृषक समुहलाई जनाउने छ।

३. उद्देश्यहरु :

यस कार्यकमहरुको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।

(क) जातिय प्रतिस्थापन, नश्ल सुधार र छनोट बिधिको माध्यमबाट बाखाको उत्पादन र उत्पादकत्व बढाउने।

(ख) निर्बाहमुखि बाखा पालनको व्यवसायिक रुपान्तरमा सहयोग पुर्‍याउने।

(ग) मासु तथा मासुजन्य पदार्थमा स्थानिय स्तरमा आत्मनिर्भरता हासिल गर्ने। राज्यको लक्ष्य प्राप्तीमा टेवा पुर्‍याउने।

परिच्छेद २

४. कार्यक्रम संचालन संम्बन्धी व्यवस्था

कार्यक्रमको अवधि:- चालु आ.व. २०७६ को आषाढ मसान्त सम्म रहने छ।

५. अनुदान रकम बाट संचालन गर्ने सकिने क्रियाकलाप :- हरिपुर नगरपालिकाबाट वडा हरुकोलागी विनियोजीत रकम सम्बन्धीत वडाको समुहमा प्रजनन योग्य माउ बाखा वा व्याड बोका खरिद एवं ढुवानिमा प्रयोग गर्न सक्नेछन् ।

६.समुह गठन गर्दा अनुसुची १ अनुसारको विवरण तयार गर्ने र एउटै टोल समुदायको कम्तीमा १०जना तथा बढीमा १५ जना कृषक रहनेगरी समुह गठन गर्ने । संख्या अपुग भएमा पायक पर्ने अर्को टोल समुदायको कृषक समेत समावेश गराउने र गठित समुह विधान बमोजिम सम्बन्धीत निकायमा दर्ता हुनु पर्ने छ ।

७. सम्झौता : अनुसुचि २ अनुसार दुईपक्षीय सम्झौता गरि कार्यक्रम संचालन गर्ने ।

८. शर्तहरु : माउ बाखा र व्याड बोकामा हुनुपर्ने गुणहरु अनुसुचि ३ अनुसार हुनुपर्ने छ ।

कार्यक्रम खर्च भुक्तानि प्रकृया

हरिपुर नगरपालिका नगरसभा वाट विनियोजन भएको वजेट नगर सभा वाट पारित मुल्य वा स्थानिय दरभाउ मुल्यमा माउ बाखा/बोका खरिद गरि गठित समुहका सदस्यहरुलाई बितरण गर्न पेश्की निकासा वा कार्यक्रम सम्पन्न पश्चात विल भर्पाइ पेशगरि भुक्तानि लिइनेछ । यसको सम्पूर्ण कार्य विषयगत शाखा मार्फत हुनेछ ।

परिच्छेद ३

विविध

कार्वाहि : यो कार्यबिधि बमोजिम अनुदानको दुरुपयोग भएको पाईएमा प्रचलित कानुन बमोजिम कार्यवाहि गरी असुल उपर गरिनेछ ।

बाधा अड्काउ फुकाउ : यो कार्यबिधि बमोजिम कार्य संम्पन्न गर्न कुनै बाधा अड्काउ परेमा यसै नगरपालिकाले आवश्यक निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

अनुगमन: विषयगत शाखा,नगर कार्यपालिकाको सदस्य सचिव र सम्बन्धीत वडाको जनप्रतिनिधि वाट अनुगमन गरिनेछ ।

उदय प्रसाद ढकाल
प्रमुख प्रशासकिय अधिकृत

हरिपुर नगरपालिका सर्लाही

अनुसुचि २

बाख्रा साटासाट कार्यक्रम संचालनका संझौता पत्र २०७६

हरिपुर नगरपालिका बाट संचालन चालु आ.व. २०७६ मा बाख्रा साटासाट कार्यक्रम संचालन गर्न हरिपुर नगरपालिका (यस पछि प्रथम पक्ष भनिने) श्री......................................................समुह(यस पछि दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तहरु पालना गर्न मंजुर भई यो द्धिपक्षिय संझौता /सहमति गरि लियौ दियौ ।

तपशिल

१.पहिलो पक्षले दास्रो पक्षलाइ एक वटा माउ बाखा वा एक वटा बोका उपलब्ध गराउनु पर्नेछ ।
२.दोस्रो पक्षले पहिलो पक्ष बाट प्राप्तगरेको बाखा बाट जन्मेको एक वटा प्रजनन योग्य पाठी अर्को गठित समुहका सदस्यलाइ प्रदान गर्नु पर्नेछ ।(एक पटकको लागि मात्र )
३. पहिलो पक्षले नियमितरुपमा दोस्रो पक्षको कार्यक्रमको अनुगमन गर्नेछ ।
४. यस संझौतामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनैपनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मीक विपदमा पहिलो पक्ष जिम्मेवार हुने छैन । र सोको जानकारि पहिलो पक्षलाई तुरुन्त लिखित जानकारि गराउनु पर्नेछ ।
५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| हरिपुर न.पा.कार्यालयको तर्फ बाट | कृषक समुहको तर्फ बाट |
| नाम: | नाम: |
| पद: | ठेगाना: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |
| कार्यालयको छाप: | सम्पर्क नं. |

रोहवर:
विषयगत शाखाको तर्फ वाट
नाम:
पद:
दस्तखत:
मिति:

हरिपुर नगरपालिका सर्लाही

## अनुसुचि १

### कार्यक्रममा आबद्ध कृषकको व्यक्तीगत विवरण

कार्यक्रममा आवद्ध कृषकहरुको विवरण:

समुहको नाम:

ठेगाना:

| सि. नं. | कृषकको नाम | ठेगाना | उमेर (वर्ष) | परिवार संख्या | विद्यमान बाखाको संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बोका | माउ | पाठा/ पाठि | पठेङ्ग्रा/ पठेङ्ग्री | जम्मा |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसुचि ३

बाखा साटासाट कार्यक्रमको बाखा र बोकाको मापदण्ड

(क) प्रजनन योग्य माउ बाखामा हुनुपर्ने गुणहरु:

१.दुई वा दुई भन्दा बढि पाठापाठि जन्माउने माउ बाखाको सन्तान हुनुपर्ने ।

२. माउ बाखाको माउ र बाउ बीच नाता नभएको हुनुपर्ने ।

३.पहिलो पटक ब्याउने उमेर बढीमा सत्र महिना हुनुपर्ने ।

४.दुई वा वर्षमा तिन पटक ब्याउने विशेषता भएको हुनुपर्ने ।

५.छनौट गरि बथानमा राखिने बाखाको जात अनुसारको गुण भएको ।

६. राम्रो दुध उत्पादन हुनुको साथै बच्चा हुर्काउन सक्ने सारिरिक बनावट अनुसार थुन र कल्चौडो मिलेको ।

७. कुनै किसिमको रोग नलागेको

८. स्थानिय हावापानिमा हुर्कन सक्ने साथै स्थानिय घाँसपात रुचाउने खालको हुनुपर्ने

(ख) प्रजनन बोकामा हुनुपर्ने गुणहरु

१ दुई वा दुई भन्दा बढि पाठापाठि जन्माउने माउ बाखाको सन्तान हुनुपर्ने

२.बोकाको माउ र बाउ बीच नाता नभएको हुनुपर्ने ।

३.आफ्नो दौतरिहरुको भन्दा बढी सारिरिक बृद्धिदर भएको

४. जातिय गुण भएको

५.दुवै अण्डकोष राम्रो विकाश भएको र आकार बराबर भएको

६. कुनै रोग नलागेको

७.चौडा छाति,सिधा तथा बलियो खुट्टा तथा टाउको र गर्दनको अनुपात मिलेको हुनुपर्ने

२०७६।११।६

आज्ञाले

उदय प्रसाद देवकोटा

प्रमुख प्रशासकिय अधिकृत